बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

## कृषि साप्ताहिक हाटबजार र कवाडी संकलन/निकासीको खुल्ला डाँक बढाबढ सम्बन्धि सूचना

**प्रथमपटक प्रकाशित मिति :— २०७५/३/१५ गते**

यस बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७५/३/०८ गतेको निर्णय अनुसार यस नगरपालिका क्षेत्रभित्रको कवाडी संकलन निकासी कर र नगरपालिका अन्तरगत संचालित साप्ताहिक कृषि हाटवजारको बजार व्यावसायी कर २०७५ श्रावण १ गतेदेखि देखि २०७६ आषाढ मसान्त सम्म एक बर्षको लागी निम्न सर्तहरुको अधिनमा रही खुल्ला डाँकवढावढ बाट ठेक्का दिईने भएकोले ईच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकासित भएको मितिले १५ दिन भित्र अर्थात २०७५।०३।२९ गते सम्म कार्यालय समय भित्र यस कार्यालयको एन.एम.वि.बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको संचितकोष खाता नं.04006005599760000001मा रू.१०००।- जम्मा गरेको सक्कल बैंक भौचर र नागरिकताको फोटोकपी संलग्न गरी दरखास्त दिइ तोकिएको स्थानमा स्वयं उपस्थित भै डाँक वढावढमा भाग लिन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

*शर्त हरु*

१. डाँक बोल्दा बोली पिच्छे डाँकअंकको १० प्रतिशत धरौटी राख्दै जानु पर्ने छ। डाँक वोल्दा रु. १०००/– भन्दा कम बोल्न पाईने छैन।

२. सदर ठेक्का रकम वार्षिक तिन किस्तामा भुक्तानी गर्नु पर्ने छ। सदर ठेक्काको सम्पुर्ण रकम अग्रिम एकमुष्ठ रुपमा बुझाएमा सदर ठेक्का रकमको १० प्रतिशत रकम छुट दिईने छ।

३. प्रथम किस्ता वुझाएपछी मात्र बजार कर उठाउन पट्टा दिईने छ। दोस्रो र तेस्रो किस्ता रकम चौमासिकको अघिल्लो महिना सम्म दाखिला गर्नु पर्ने छ।

४. बजार कर नगरपालिकाले निर्धारण गरेको दर रेट वमोजिम असुल गर्नु पर्ने छ।

५. ठेकेदारले तोकेको समय भित्र किस्ता नबुझाएमा वा शर्त विपरित कुनै कार्य गरेमा ठेक्का रद्ध गरी धरौटी रकम समेत जफत गरिने छ। धरौटिवाट असुल हुन वाँकीरहेमा नेपाल सरकारको नियम अनुसार असुल उपर गरिने छ।

६. ठेकेदारले ठेक्का लिए वापत अन्य कुनै सरकारी कर दस्तुर लागेमा छुट्टै बुझाउनु पर्ने छ।

७. ठेक्का डाँक वढावढ वाट कबुल गरेको अंक रकम बन्द हड्तालको कारण देखाई मिनाहा गर्ने गराईने छैन।

८. डाँक बढावढमा भाग लिने व्यक्तिको नाममा यस कार्यालयमा कुनै वाँकी वक्यौता भएमा डाँक वढावढमा भाग लिनु अगावै चुक्ता गरिसक्नु पर्ने छ।

९. डाँक सदर गर्ने व्यक्तीले डाक वढवढ मितिले ७ दिन भित्र पट्टा नलिएमा वा प्रथम किस्ता नवुझाएमा पहिलो डाँक अंक सदर हुने व्यक्तीको धरौटी रकम जफत गरी दोस्रो ठुलो डाँक अंक वोल्ने व्यक्ती लाई वजार कर असुल गर्न पट्टा दिईने छ।

१०. डाँक वढावढमा भागलिदा नागरिकता अनिवार्य साथमा लिई आउनु पर्ने छ।

११. उल्लेखित सर्तको अतिरिक्त कुनै निर्णय गर्नु परेमा न.पा.को निर्णय नै अन्तिम निर्णय हुने छ।

१२. अन्य जानकारिको लागी कार्यालय समय भित्र नगरपालिकाको कार्यालयमा संपर्क गर्नुहुन अनुरोध छ।

**तपसिल**

| क्र.स. | ठेक्का विवरण | डाँक बढाबड मिति | सुरु डाँक अंक | डाँक बढाबढ हुने स्थान | डाँक बढाबढ हुने समय |
|---|---|---|---|---|---|
| १ | कृषि साप्ताहिक हाटबजार गोरुसिङ्गे, क.व | २०७५/०३/३१ | रू.४,५०,०००।– | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो २:०० बजे देखि सुरु |
| २ | कृषि साप्ताहिक हाटबजार बुड्ढी, क.व. | | रू.१,५०,०००।– | | |
| ३ | कृषि साप्ताहिक हाटबजार इमिलिया, क.व. | | रू. ८,५०,०००।– | | |
| ४ | कबाडीजन्य संकलन/निकासी | २०७५/०३/३२ | रू.२,५०,०००।- | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो २:०० बजे देखि सुरु |

०७५।३।१४

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)